## नगर कार्यपालिकाको मिति २०७६।१२।२६ गतेका निर्णयहरु (कोरोना विशेष बैठक)

१. नगरपालिका, नगरपालिका अन्तर्गतका निकाय, संघ तथा प्रदेश सरकारबाट हालसम्म कोरोना भाइरसको सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि भएका कार्यहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ :-

(क) विभिन्न जिल्लासँग जोडिएका मानिसहरुको आवतजावत हुने मुख्यमुख्य नाकाहरु (४ स्थान), नगरपालिकाका स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा २०७६।१२।०८ गतेदेखि नै हेल्थ हेल्प डेस्क स्थापना गरी यसको रोकथाम र नियन्त्रणको लागि सचेतना अभिवृद्धि, नगरपालिका बाहिरबाट आउने व्यक्तिहरुको विवरण सङ्कलन र निगरानी, ज्वरो नाप्ने लगायतका स्वास्थ्य उपचार, काउन्सिलिङ लगायतका कार्यहरु गरी निरन्तर रुपमा नगरपालिकामा रिपोर्टिङ भईरहेको छ । वडा कार्यालयहरु मार्फत दैनिक रुपमा यसको रोकथाम, नियन्त्रण र उपचारको लागि भईरहेका कार्यहरुको रिपोर्टिङ भईरहेको छ । यसको लागि विपद् व्यवस्थापन समिति, Quick Response Team, स्वयमसेवक टोली, आपूर्ति व्यवस्थापन समिति एवम् अन्य संयन्त्रहरु क्रियाशिल छन् । सुरक्षा निकायहरुले समेत यस कार्यमा महत्वपूर्ण भूमीका निर्वाह गरेको अवस्था छ । सञ्चारकर्मी तथा एफ.एम. रेडियोहरुले समेत सचेतना अभिवृद्धि, नगरपालिकाका निर्णयहरुको संप्रेषण, सूचना प्रवाह, निरन्तर खबरदारी र सन्देशमूलक कार्यक्रमहरु सञ्चालन गरी प्रभावकारी भूमिका निर्वाह गरिरहेका छन् ।

(ख) लकडाउनको पूर्ण परिपालनाको लागि नगरपालिकाबाट सुरक्षा निकाय, वडा कार्यालय, स्वयमसेवक टोली, एफ.एम. रेडियोहरु मार्फत निरन्तर रुपमा माइकिङ, अनुगमन, डिजे मार्फत अडियो प्रसारण, सन्देशमूलक सूचना प्रसारण गरी सचेतना अभिवृद्धि गर्ने, चेतावनी दिने र अटेरी गरेमा नियन्त्रणमा लिई कारवाही समेत गरिएको छ ।

(ग) तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न नसक्ने असङ्गठित क्षेत्रका मजदूर तथा विपन्न घरपरिवारहरुलाई स्वीकृत मापदण्ड अनुसारको पहिलो चरणको राहत प्याकेज उपलब्ध गराई सकिएको छ । पहिलो चरणको राहत प्याकेज ६१० (२६३१ जना) घरपरिवारहरुलाई वितरण गरिएको छ । राहत प्याकेजमा हालसम्म चामल ११०७८ केजि, दाल २६१७ केजि, खानेतेल ८६० लिटर, चिनि ८६० केजि, नुन ८६० केजि, चियापत्ती ६१० प्याकेट र साबुन २२५० गोटा वितरण गरिएको छ जुन करिब रु १४ लाख २९ हजार २ सय बराबरको राहत हो । यस कार्यको लागि नगरस्तरिय एवम् वडास्तरिय आपूर्ति

पौरजगरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय पौरजगरी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल



राम बहादुर ...सी. प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन समितिहरु क्रियाशिल छन् । सार्वजनिक जानकारीको लागि राहत प्राप्त गर्ने घरपरिवारको विवरण र प्राप्त राहत प्याकेज सार्वजनिक गर्ने गरिएको छ ।

(घ) चौरजहारी नगरपालिका विपद् व्यवस्थापन समितिको निर्णयानुसार शितल माध्यमिक विद्यालयमा १०० क्षमताको क्वारेन्टाइन स्थापना गरी सञ्चालन हुने व्यवस्था मिलाईएको छ । कर्णाली प्रदेश सरकारको निर्णयानुसार चौरजहारी अस्पताललाई कोरोना लक्षित अस्पतालको रुपमा घोषणा गरिसकेपछि उक्त अस्पतालसँगको सहकार्यमा चौरजहारी अस्पतालमा ४ वेड र बाँकी ४६ वेड शितल माध्यमिक विद्यालयमा स्थापना गरी सञ्चालन गर्न कोरोना भाइरस रोकथाम, नियन्त्रण संयोजन तथा परिचालन समितिको मिति २०७६।१२।२३ गतेको निर्णयानुसार २० वेड पहिले नै स्थापना गरी सञ्चालन गरिएको र बाँकी वेड स्थापना गर्न आवश्यक भौतिक संरचना तीव्र गतिमा निर्माण कार्य आरम्भ गरिएको छ ।

(ङ) क्वारेन्टाइन, आइसोलेसन केन्द्र, हेल्थ हेल्प डेस्क र कोरोना भाइरस विरुद्धको लडाईमा अन्यत्र खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुलाई आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीहरु (थर्मल गन, N95 मास्क, सर्जिकल मास्क, PPE, स्यानिटाईजर, ग्लोब्स लगायत) नगरपालिकाको आफ्नै पहल एवम् पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्मा प्रभाकरज्यू लगायतको विशेष पहलमा नगरपालिकामा प्राप्त भएको छ । प्रदेश सभा सदस्य माननीय गोपाल शर्मा, जिल्ला समन्वय प्रमुख श्री राजकुमार शर्मा, प्रमुख जिल्ला अधिकारी श्री उपेन्द्रराज पौड्याल लगायतका व्यक्तित्वहरुले यस कार्यमा महत्वपूर्ण भूमिका खेलिरहनु भएको छ । यसले कार्यक्षेत्रमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुको मनोवल उच्च बनाउन महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

(च) विदेश तथा अन्यत्रबाट आएका ३३८ घरपरिवारको विस्तृत विवरण तयार पारी तिनीहरुको निरन्तर रुपमा Tracking, Tracing र Monitoring वडा कार्यालयहरु मार्फत भईरहेको छ । साथै उक्त विवरण जिल्ला प्रशासन कार्यालय मार्फत संघ तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा पठाई सकिएको छ ।

(छ) नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा हालसम्म नगरपालिकाले रु २० लाख, कर्णाली प्रदेश सरकारले रु २० लाख, नगरपालिकामा कार्यरत स्थायी तथा करार कर्मचारीहरुले रु २ लाख ६९ हजार ४६, अन्य व्यक्तित्व तथा संस्थाहरुबाट रु ५५ हजार १ सय ४४ गरी कूल रु ४३ लाख २४ हजार १ सय ९० जम्मा भएको छ भने ३५०० केजि चामल



रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

समेत सहयोग प्राप्त भएको छ । प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने व्यक्ति तथा संस्थाहरुको सङ्ख्या बढ्दै गएको छ ।

२. कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा नगरपालिकाले देहायका समस्याहरु भोगेको छ :-

(क) कोरोना भाइरस पहिचान, परीक्षण र उपचारको लागि प्रभावकारी संयन्त्र (Mechanism) निर्माण, उपकरणहरुको व्यवस्था, उक्त कार्यमा खटिने स्वास्थ्यकर्मीहरुलाई सुरक्षा सामग्रीहरुको प्रभावकारी व्यवस्था हुन सकेको छैन् । अहिले पनि शंकास्पद विरामीहरुको Throat Swab Sample सङ्कलन, भण्डारन, परीक्षण र उपचारको व्यवस्थित योजना बनेको देखिदैन् । प्रदेशबाटै टोली खटाएर Throat Swab Sample सङ्कलनको काम गर्ने भनिएको छ जुन प्रभावकारी हुने देखिदैन । यस्तो अवस्थामा विदेशबाट आएका तथा तिनीहरुको संसर्गमा आएकाजति सबैको तीव्रगतीमा Sample Testing गर्नु प्रभावकारी हुने देखिन्छ । Testing, Treating, Tracking, Tracing र Team work कोरोना भाइरस विरुद्धको प्रभावकारी लडाईको रणनीति हुने देखिन्छ ।

(ख) लकडाउनको पूर्ण परिपालना गराउन चुनौतीपूर्ण छ । सचेतना अभिवृद्धि (Awareness), स्पष्ट बुझाई (Understanding), स्वीकारोक्ति (Acceptance) र व्यवहार परिवर्तन (Behavior Change) सम्बन्धी PCC Model कोरोनाको रोकथाम र नियन्त्रणको लागि उत्तम मोडेल हुन सक्छ । यही मोडेलको अनुसरण गरेर कोरोना भाइरसको बारेमा सचेत हुने, यसको जोखिम र जटिलता बारेमा बुझ्ने, भीडभाडमा बसे, सरकारको निर्णय उल्लङ्घन गरे, घरमा सुरक्षित तरिकाले होम क्वारेन्टाइनमा नबसे र विदेशबाट आएका व्यक्तिहरुको दैनिक गतिविधि र स्वास्थ्य अवस्था निगरानी नगरे आफैं, आफ्नै परिवार र सिङ्गो समाज नै सङ्कटमा पर्न सक्छ र यसकै कारण आफ्नै ज्यान जोखिममा छ भन्ने कुराको स्वीकार र सोही अनुसार व्यवहार परिवर्तन भएमा कोरोना भाइरस विरुद्धको लडाई सफल हुने थियो ।

(ग) प्रदेशबाट कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि प्रकोप व्यवस्थापन कोषमा रु २० लाख प्राप्त भएको छ । तर संघबाट हालसम्म कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि स्थानीय तहहरुलाई प्राप्त हुने बजेट र प्राप्तिको प्रक्रियाको बारेमा कुनै जानकारी प्राप्त हुन सकेको छैन् । संघ तथा प्रदेश सरकारबाट स्थानीय तहहरुलाई क्वारेन्टाइन निर्माण, आइसोलेसन केन्द्रको निर्माण र सञ्चालन, जनशक्ति व्यवस्थापन,

औषधि उपकरण खरिद, राहत प्याकेज वितरण लगायतका कार्यहरुको लागि उपलब्ध हुने बजेटको स्पष्ट खाका समयमै प्राप्त भएमा स्थानीय तहहरुलाई योजना अनुसारको कार्य गर्न सहज हुने थियो ।

(घ) केही वडा कार्यालयहरु एवम् सम्बन्धित कर्मचारीहरुले नगरपालिकाको निर्देशन र निर्णयानुसार काम नगर्दा जनमानसमा केही गुनासा र असमझदारी बढ्ने गरेको छ । कोरोना भाइरसको संभावित जोखिमलाई कम आंकलन गरी बेवास्ता गरिएमा स्थिति जुनसुकै बेलापनि भयावह हुन सक्छ ।

३. कोभिड -१९ (नोभल कोरोना भाइरस) विश्वव्यापी महामरीको रुपमा फैलिरहेको वर्तमान सन्दर्भमा यसको रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था गरी सबै नगरवासीहरुलाई सुरक्षित तुल्याउन हालसम्म नगरपालिका, नगरपालिका अन्तर्गतका शाखा/उपशाखा/स्वास्थ्य संस्था/वडा कार्यालयहरु लगायतका संयन्त्रबाट भईरहेका प्रयासहरु, त्यसको प्रभाव र कोरोना भाइरस रोकथाम र नियन्त्रणको लागि ती प्रयासहरु पर्याप्त भए/नभएको, तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न नसक्ने विपन्न घरपरिवारहरुलाई वितरण गरिएको राहत लगायतका विषयहरुमा समिक्षा गरियो । कोभिड -१९ को सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि अहोरात्र खटिई उल्लेखनिय कार्य गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी लगायत कोरोना भाइरस विरुद्धको लडाईमा साथ र सहयोग गर्ने सबैलाई नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै यसको लागि नगरपालिकाबाट चालिएका देहायका कदमहरुलाई थप प्रभावकारी, सशक्त र परिणाममुखी बनाउने निर्णय गरियो :-

(क) वडा नं. १ स्थित बाँसखोला, वडा नं. १ चौरजहारी अस्पताल, वडा नं. ३ स्यालखोला, वडा नं. १३ छेर्ना, प्राथमिक स्वास्थ्य सेवा केन्द्र कोटजहारी, विजेश्वरी स्वास्थ्य चौकी, पुर्तिमकाँडा स्वास्थ्य चौकी, खोलागाउँ स्वास्थ्य चौकी, नुवाकोट स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु र नगरपालिकामा सञ्चालित हेल्थ हेल्प डेस्कहरुलाई थप प्रभावकारी बनाउने । नियमित रुपमा सम्पादित कार्यहरुको तोकिएको ढाँचामा रिपोर्टिङ हुने व्यवस्था मिलाउने । हेल्थ हेल्प डेस्क सञ्चालनको लागि आवश्यक उपकरण, जनशक्ति र अन्य व्यवस्थापकीय कुराहरुको अभाव हुन नदिने । सम्बन्धित वडा कार्यालयहरुले आ-आफ्नो वडाभित्र पर्ने हेल्थ हेल्प डेस्कहरुलाई प्रभावकारी, व्यवस्थित र परिणाममुखी तुल्याउन क्रियाशील हुने ।

(ख) नगरपालिकाबाट सम्पर्क व्यक्ति (Focal Person) को रुपमा तोकिएका कर्मचारीहरुलाई सम्बन्धित वडाबाटै दैनिक रुपमा रिपोर्टिङ गर्ने गरी खटाउने । वडा कार्यालयहरुबाट दैनिक



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

रुपमा कोभिड - १९ रोकथाम, नियन्त्रण र उपचारको लागि भईरहेका कार्यहरु, बिदेश तथा अन्यत्रबाट आएका व्यक्तिहरुको स्वास्थ्य अवस्था, होम क्वारेन्टाइनमा बसे/नबसेको लगायतका गतिविधीहरु, लकडाउनको पूर्ण कार्यान्वयनको अवस्था, कोही कसैलाई कोरोनासँग मिल्दाजुल्दा लक्षणहरु देखा परे/नपरेको सूक्ष्म निगरानी गरी निरन्तर रुपमा Tracking, Tracing, Monitoring गर्ने र मिल्दाजुल्दा लक्षणहरु देखापर्ने वित्तिकै यथाशीघ्र नगरपालिकामा जानकारी गराई आइसोलेसनमा ल्याई तत्काल Testing र Treatment हुने व्यवस्था मिलाएको लगायतका विषयहरुमा नगरपालिकामा रिपोर्टिङ गर्ने ।

(ग) वडास्तरिय विपद् व्यवस्थापन समिति, वडा अध्यक्ष संयोजक भई वडा सदस्यहरु, वडा सचिव र आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख सदस्य भई गठन भएको वडा स्तरिय कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा संघ, प्रदेश तथा नगरपालिकाबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने तथा गराउने सम्बन्धमा गठित समिति, सम्बन्धित वडामा रहेका माध्यमिक विद्यालय वा सो नभएमा आधारभूत विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रतिनिधि, महिला स्वयमसेवीका, वडामा क्रियाशिल संघसंस्था, समूह, सहकारीका प्रतिनिधि रहेको (बढिमा ५ जनासम्म) कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि सचेतना अभिवृद्धि गर्ने, यसका लक्षण, जोखिम र बच्ने उपायहरु, नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट यस सम्बन्धमा भएका निर्णयहरु लगायतका जनचेतनामूलक सूचना, सन्देश, गीतहरु नगरपालिकाबाट पठाईएको अडियो रेकर्ड बजाई तथा माइकिङ गरी कोरोना भाइरसको जोखिमबाट सुरक्षित समाज निर्माण गर्न गठित वडास्तरिय स्वयमसेवक टोली, तत्काल रोजगारीको अभावमा दैनिक गुजारा नसक्ने असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक तथा विपन्न व्यक्ति/घरपरिवारहरुलाई मापदण्ड अनुसारको राहत प्याकेज वितरण गर्न त्यस्ता व्यक्ति/घरपरिवारहरुको पहिचान गरी लगत निर्माण गरी वडा कार्यालय मार्फत नगरपालिकामा सिफारिस गर्न, नगरस्तरिय आपूर्ति व्यवस्थापन समितिको निर्णयानुसार स्वीकृत विवरण बमोजिम राहत वितरण गर्न, वडामा दैनिक उपभोग्य वस्तुहरुको सहज रुपमा आपूर्ति र वितरणको लागि सबैलाई पायक पर्ने र बिक्रि वितरण गर्दा न्यूनतम १ मिटरको दूरी कायम गर्ने (Social Distancing) गरी आपूर्ति केन्द्रहरु तोकि सुरक्षित रुपमा Combo Package अनुसार खरिद बिक्रि हुने व्यवस्था मिलाउन, दैनिक उपभोग्य वस्तुहरुको सहज रुपमा बिक्रि वितरण भए/नभएको, कोही व्यापारी/व्यवसायीहरुले कालोबजारी, कृत्रिम अभाव सिर्जना र अस्वभाविक

मूल्य वृद्धि गराए/नगराएको नियमित रुपमा अनुगमन गरी प्रतिवेदन गर्न वडा अध्यक्ष संयोजक भई वडा अध्यक्षले तोकेको वडा सदस्य १ जना सदस्य, सम्बन्धित वडा हेर्ने प्रहरी चौकी प्रमुख सदस्य, माध्यमिक विद्यालय भए सोही विद्यालय र नभए आधारभूत तहको विद्यालयका प्रधानाध्यापक सदस्य र वडा सचिव सदस्य सचिव रहेको वडास्तरिय आपूर्ति व्यवस्थापन समितिलाई क्रियाशील बनाई तोकिएका कार्यहरु प्रभावकारी, परिणाममुखी र व्यवस्थित तरिकाले सम्पादन हुने व्यवस्था मिलाउने ।

(घ) तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न नसक्ने असङ्गठित क्षेत्रका श्रमिक तथा विपन्न घरपरिवारहरुलाई पहिलो चरणको राहत वितरण भईसकेको सन्दर्भमा ती घरपरिवारलाई दोस्रो चरणको राहत प्याकेज उपलब्ध गराउने सन्दर्भमा पहिलो चरणमा राहत प्राप्त गरेका श्रमिक तथा घरपरिवारहरुलाई नगरपालिकाले दोस्रो चरणको राहत सामग्री उपलब्ध गराउन आवश्यक भए/नभएको सन्दर्भमा नगरपालिकाले अनुगमन गरी निर्णय लिने । मापदण्ड अनुसार राहत प्याकेज प्राप्त गर्न योग्य तर पहिलो चरणको राहत सामग्री प्राप्त गर्न छुटेका घरपरिवारहरुलाई वडास्तरिय आपूर्ति व्यवस्थापन समितिको सिफारिसमा आवश्यक छानविन गरी यथाशीघ्र राहत प्राप्त गर्न योग्य घरपरिवारलाई राहत सामग्री उपलब्ध गराउने । साथै वडा कार्यालयहरुले समेत मापदण्ड अनुसारको व्यक्ति/घरपरिवारहरुलाई मात्र राहत उपलब्ध गराउन सिफारिस गर्ने । राहत सामग्री प्राप्त गरेका घरपरिवारहरुको नगरपालिकाबाट अनुगमन गर्ने र मापदण्ड विपरितका घरपरिवारहरुलाई सिफारिस गरेको देखिईएमा सिफारिस गर्ने जिम्मेवार पदाधिकारीहरुबाट वितरण गरिएको राहत बराबरको रकम असूल उपर गर्ने ।

(ङ) नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुले (स्थायी तथा करार सबै) नेपाल सरकारको निर्णयानुसारको दिन बराबरको तलब कट्टी गरी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा योगदान गरिसकेको सन्दर्भमा समेत जनप्रतिनिधिज्यूहरु (नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्षहरु, वडा सदस्यहरु, कार्यपालिका सदस्यहरु) ले पनि स्वैच्छाले विपद् व्यवस्थापन कोषमा योगदान गर्ने ।

(च) विपद् व्यवस्थापन समिति र सो समितिको निर्णयानुसार गठन भएका समिति वा संयन्त्र मार्फत कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि भएका हालसम्मका कार्यहरु र सोको लागि गरिएका निर्णयहरु (क्वारेन्टाइन निर्माण तथा सञ्चालन, आइसोलेसन केन्द्र निर्माण तथा सञ्चालन, हेल्थ हेल्प डेस्क निर्माण तथा सञ्चालन, राहत प्याकेज वितरण, आवश्यक औषधी



राम बहादुर के.सी.
प्र. प्रमुख प्रशासकीय अधिकृत

उपकरण खरिद तथा व्यवस्थापन, कार्यक्षेत्रमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिने लगायतका हालसम्मका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने । कोरोना भाइरस विरुद्ध उच्च मनोवलकासाथ लड्ने वातावरण निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरी युद्धस्तरमा क्रियाशिल हुने ।

प्रमुख प्रशासकीय अधिकृत